# स्थानीय राजपत्र

## भाग-२ खण्ड ७ संख्या १

**बागलुङ नगरपालिकाद्वारा प्रकाशित**

उप-प्रमुख पर्यटन विकास कार्यक्रम सञ्चालन कार्यविधि,
२०८०

अनुसूची २

(दफा ४ तथा अनुसूची १ को भाग-१ संग सम्बन्धित)

बागलुङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ७ संख्या १, २०८० बैशाख २७

भाग- २

**बागलुङ नगरपालिका**

## उप-प्रमुख पर्यटन विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

बागलुङ नगरक्षेत्रका ऐतिहासिक, धार्मिक, साँस्कृतिक, प्राकृतिक क्षेत्रहरुको प्रवर्द्धन तथा देश विदेशमा व्यापक प्रचार प्रसार गर्न, पर्यटन विकास गुरुयोजना तयार गरी कार्यान्वयन गर्न, पर्यटकीय गन्तव्यहरुको पहिचान, पूर्वाधार विकास, मर्मत सम्भार, सरसफाइ गर्न तथा नगरपालिकाको नीति तथा कार्यक्रम र बजेटमा उल्लेखित पर्यटन विकास कार्यक्रमसंग सम्वन्धित योजनाहरु

सफल रुपमा कार्यान्वयन गर्न पर्यटन विकास कार्यक्रम सञ्चालन कार्यविधि बनाउन बाञ्छनीय भएकोले,

बागलुङ नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी बागलुङ नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.सङक्षिप्त नाम र प्रारम्भ :** (क) यस कार्यविधिको नाम " नगर उप-प्रमुख पर्यटन विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८०" रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

**२.परिभाषा : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको कार्यकारी समितिलाई सम्झनु पर्छ ।

(ख) "प्रमुख" भन्नाले बागलुङ नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(ग) "उप-प्रमुख" भन्नाले बागलुङ नगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्छ ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बागलुङ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ङ) “पर्यटक” भन्नाले स्वदेशी तथा विदेशी मुलुकबाट भ्रमणका लागि नगर क्षेत्रभित्र आउने नेपाली तथा गैर नेपाली नागरिकलाई सम्झनुपर्छ ।

(च) “पर्यटन व्यवसाय” भन्नाले पर्यटकको माध्यमबाट सञ्चालन गरिने व्यवसाय, पर्यटकहरूका निमित्त राष्ट्रिय वा अन्तर्राष्ट्रिय परिवहनका सेवा तथा सुविधा पुऱ्याउने कारोबार, पर्यटकहरूलाई नेपाल भित्र वा नेपाल बाहिर कुनै पनि स्थानमा पूर्ण वा आंशिक रूपमा परिवहन, बसोबास, सहरी वा ग्रामीण क्षेत्रमा गर्ने भ्रमणको व्यवस्था, होटल, साँस्कृतिक पार्क, लज रेष्टुरेन्ट सेवा, दृश्यावलोकन, पथ प्रर्दशन, पर्वतारोहण, पदयात्रा, जलयात्रा, धार्मिक, सांस्कृतिक, खेलकुद, शैक्षिक, स्वास्थ्य, कृषि तथा अन्य साहसिक एवं मनोरन्जनात्मक सेवा पुऱ्याउने र सो वापत स्वदेशी तथा विदेशी मुद्रा आयआर्जन गर्ने प्रकृतिका कारोबार, पर्यटकहरूलाई पूर्ण वा आंशिक रूपमा खुद्रा वस्तुहरू बिक्री गर्ने कारोवार, पर्यटकहरूलाई आकर्षित गर्नका निमित्त पूर्ण वा आंशिक रूपमा साहित्य कला, संस्कतिको प्रस्तुति वा अन्य कुनै प्रदर्शनी, आयोजना, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मेला, प्रचार, प्रसार अभियान सञ्चालन गर्ने कार्यलाई समेत सम्झनुपर्छ ।

(छ) "तोकिए" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधिमा बागलुङ नगरपालिकाले राजपत्रमा सूचना प्रकाशित गरी तोकिए वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ज) "नगर" वा "नगरपालिका" भन्नाले बागलुङ नगरपालिका सम्झनुपर्छ।

(झ) "कार्यपालिका" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठन हुने बागलुङ नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ।

(ञ) "सभा" भन्नाले नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ।

(ट) "कार्यविधि" भन्नाले बागलुङ नगरपालिकाले जारी गरेको " नगर उप-प्रमुख पर्यटन विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८०" लाई सम्झनु पर्दछ।

(ठ) अनुगमन समिति भन्नाले- कार्यविधिको दफा ८ बमोजिम गठित समिति सम्झनु पर्दछ।

(ड) अध्यक्ष भन्नाले- समितिको अध्यक्ष सम्झनु पर्दछ।

## परिच्छेद -२

## समिति गठन तथा उद्धेश्य सम्बन्धी व्यवस्था

### ३.समिति गठन

(१) नगर उप-प्रमुख पर्यटन विकास कार्यक्रमको उद्देश्य प्राप्तिका लागि नगर प्रमुखको संरक्षकत्वमा गठन हुने बागलुङ नगर पर्यटन विकास समितिमा देहाय बमोजिमका पदाधिकारी र सदस्यहरू रहनेछन् :-

(क) नगरपालिकाको उप-प्रमुख - अध्यक्ष

(ख) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) नगर कार्यपालिकाले तोकेको नगरसभाको सदस्य २ जना (१ जना महिला सहित)- सदस्य

(घ) पर्यटकीय क्षेत्रका विज्ञ तथा पर्यटन क्षेत्रबाट समितिले तोकेको व्यक्ति ३ जना - सदस्य

(ङ) पर्यटन कार्यालय, बागलङको कार्यालय प्रमुख- सदस्य

(च) नेपाल पत्रकार महासंघ, बागलुङ शाखा- अध्यक्ष- सदस्य

(छ) बागलुङ पर्यटन विकास समितिका अध्यक्ष/प्रतिनिधि-सदस्य

(ज) सञ्चार तथा होटल व्यवसायि क्षेत्रमा क्रियाशील पत्रकार मध्ये समितिले तोकेका २ जना-सदस्य

(झ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य सचिव

(२) समितिले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विषय विज्ञ वा पर्यटन क्षेत्रका प्रतिष्ठित व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न वा सल्लाहकार राख्न सक्नेछ ।

**४. उद्देश्य :**

(क) नगर क्षेत्रभित्र रहेका प्राकृतिक, सांस्कृतिक तथा धार्मिक पर्यटकीय स्रोत तथा सम्पदाको पहिचान गरी तिनको उचित संरक्षण र सम्वर्द्धन गर्दै पर्यटनको विकास गर्ने ।

पर्यटन गुरु योजना, पर्यटन आवधिक योजना तथा आवश्यक नीति तथा कार्य योजना निर्माण गर्ने ।

(ख) नगर क्षेत्रलाई एक आकर्षक पर्यटन स्थलका रूपमा विकास गर्न पर्यटकीय वस्तुहरुहरुको विविधीकरण गरी पर्यटन बजारमा ब्राण्डिङ्ग गराउने ।

(ग) नगर भित्रको मौलिक ब्राण्डको विकास, विस्तार र प्रवर्द्धनद्वारा स्थानीय उत्पादन उपयोग, तथा आय वृद्धि र रोजगारीका अवसरहरूको सृजना गर्ने ।

(घ) नगर क्षेत्रलाई सुरक्षित, भरपर्दो तथा गुणात्मक पर्यटन स्थलका रूपमा विकसित गरी पर्यटन व्यवसायलाई मर्यादित रुपमा सञ्चालन गरी दिगो व्यवस्थापनमा जोड दिने ।

(ङ) नगर क्षेत्रमा दिगो पर्यटन विकास गर्न, पर्यटकहरूलाई गुणात्मक सेवा प्रदान गर्न, पर्यटन व्यवसायमा देखिने नकारात्मक प्रभावलाई न्युनीकरण गर्न आवश्यकतानुसार कार्यमूलक अनुसन्धान गर्ने ।

(च) नगर क्षेत्रमा पर्यटन व्यवसायको दिगो विकास एवं विस्तारका लागि आवश्यक सस्थाहरूको स्थापना र संस्थागत विकासमा सहयोग पुऱ्याउने ।

(छ) पर्यटकीय पूर्वाधारको विकास र निर्माणको क्रममा प्राकृतिक तथा साँस्कृतिक स्रोत साधनको उपयोग गर्दा वातावरण सरंक्षणतर्फ उचित ध्यान दिदै स्रोत साधनको दिगो व्यवस्थापनमा जोड दिने ।

(ज) बहु भाषी, बहु धार्मिक, बहु सांस्कृतिक सम्पदा, परम्परा र पहिचानलाई संरक्षण गरी पर्यटकीयस्रोतको रुपमा विकास गर्ने ।

४.१. **ब्राण्डिङका लक्ष्यहरू:** विश्वव्यापीरूपमा परिचित नेपालको पर्यटन ब्राण्ड स्थापना गर्ने र स्वदेश तथा विदेशमा नेपालको पर्यटनको छविलाई स्थापित तथा विस्तार गर्ने ।

४.२. **बजारीकरणका लक्ष्यहरू :** वर्षभरि पर्यटक आगमनमा निरन्तर उच्च वृद्धि हासिल गर्ने र प्राप्त आयलाई नगरका सबै क्षेत्रमा समान वितरणको व्यवस्था गर्ने ।

४.३ **पर्यटन अर्थतन्त्र सम्बन्धी लक्ष्यहरू :** राष्ट्रिय विकासको लागि ग्राहस्थ उत्पादन र रोजगारी अभिवृद्धि, गरिबी न्युनीकरण र दिगोरूपमा वैदेशिक विनिमय आर्जन गर्नमा योगदान गर्ने ।

४.४ **लगानी र व्यावसायिक वातावरण सुधारका लक्ष्यहरू :** पर्यटन व्यवसायमा सुविधा तथा सेवाहरू विस्तार गर्नका लागि लगानी आकर्षित गरी व्यावसायिक विकासको वातावरण सुधार गर्ने ।

४.५ **मानव संसाधन विकास सम्बन्धी लक्ष्यहरू :** मानव संसाधनको क्षमता, गुणस्तर, सङ्ख्या र कार्यसम्पादनको सुधार गर्ने ।

४.६ **पर्यटन गुणस्तर सुधारका लक्ष्यहरू :** गुणस्तर, आवाश, बसाइ, खाना, सुरक्षा र सार्वजनिक क्षेत्रका सेवाहरूमा सुधार ल्याई नेपालको पर्यटन अनुभवलाई फराकिलो पार्ने ।

४.७ **पर्यटन पूर्वाधार विकासका लक्ष्यहरू** : आवश्यक पर्यटन पूर्वाधार विकासका लागि नीति तथा कार्य योजना तयार पारी केन्द्र तथा प्रदेशहरुको समन्वय मार्फत कार्यान्वयनको वातावरण मिलाउने ।

४.८ **संस्थागत संरचना, व्यवस्थापन तथा नीतिगत लक्ष्यहरू :** पर्यटन क्षेत्रको विकास र दिगो व्यवस्थापनका लागि प्रभावकारी, संस्थागत र नियमनकारी ढाँचा विकास गर्ने ।

४.९.**सांस्कृतिक सम्पदाहरूको संरक्षण सम्बन्धी लक्ष्यहरू :** विविध मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्धन र प्रवर्द्धन गरी दिगो पर्यटन विकास मार्फत आय वृद्धि, सिपमूलक कार्यक्रमहरु र रोजगारीका अवसरहरू सिर्जना गर्न सहयोग गर्ने ।

४.१०.**प्राकृतिक वातावरण संरक्षणसम्बन्धी लक्ष्यहरू :** प्रदूषण रहित पर्यटनको विकास गरी वातावरणीय प्रभाव न्यूनीकरण गर्न उपयुक्त रणनीति, योजना तर्जुमा तथा कार्यान्वयन गरेर पर्यावरण अनुकूल पर्यटन र यस सम्बन्धी असल अभ्यासहरूलाई प्रवर्द्धन गर्ने ।

४.११.**पर्यटकीय रणनीतिक लक्ष्य :** गुणस्तरिय सेवा र सुविधा मार्फत बागलुङमा पर्यटक आगमनमा बृद्धि गरी संगसंगै पर्यटकहरुको वसाई लम्बाउने ।

यस कार्यविधिको रणनीति लक्ष्य भनेको बागलुङमा पर्यटक आगमनमा वृद्धि गर्नु र प्रति पर्यटक खर्च बढाउनु र स्तरीय सेवा तथा स्थानीय उत्पादनको वितरण हो ।

**५ पर्यटन र आर्थिक प्रक्षेपणहरू :** यस कार्यविधि बमोजिमका क्रियाकलापको कार्यान्वयनबाट

(क) पर्यटकको आगमनमा वृद्धि हुनेछ

(ख) बसाइ अवधिमा वृद्धि हुनेछ

(ग) कूल राजस्व र प्रति पर्यटकबाट आउने आम्दानीमा वृद्धि हुनेछ

(घ) स्थानिय रोजगारमा वृद्धि हुनेछ

(ङ) पर्यटकीय गन्तव्यहरुको पहिचान, प्रचार प्रसार , संरक्षण र व्यवस्थापन जस्ता बहु-आयामिक प्रभावहरूबाट लाभ हुने छ ।

**५.१.यस कार्यविधिका अन्य उद्देश्यहरू यसप्रकार छन् :**

(क) पर्यटनबाट प्राप्त हुने राजस्व तथा रोजगारी बढाई समग्र आर्थिक वृद्धि, प्रतिव्यक्ति आय एवं कूल गार्हस्थ उत्पादन (जीडीपी) मा पर्यटनबाट हुने योगदानको हिस्सा बढाउने ।

(ख) पर्यटकीय आकर्षण र सेवाहरूमा विविधता ल्याउन अभिप्रेरित गर्ने ।

(ग) पर्यटक आगमन बढाउने ।

(घ) नेपालका प्रमुख पर्यटकीय बजार (जेनेरेटिङ मार्केट्स्) हरूमा पर्यटन 'ब्राण्ड' को बजारीकरण गर्ने ।

(ङ) पर्यटकीय सम्पदा तथा पर्यटन क्षेत्रमा काम गर्ने जनशक्तिको गुणस्तर र क्षमता अभिवृद्धि गर्ने ।

(च) गाँजा खेती र स्थानीय रक्सीको ब्रान्डिङका लागि आवश्यक बहस, छलफल र पहल गर्ने ।

(छ) पर्यटनका माध्यमबाट गरिबी निवारण गर्ने तथा स्थानीय समुदायको सहभागिता बढाउने ।

**५.२ दृष्टिकोण :** "नगरको प्राकृतिक, सांस्कृतिक, जैविक र मानव निर्मित सम्पदाहरूको संरक्षण र प्रवर्द्धन मार्फत बागलुङ नगरपालिकालाई विश्व पर्यटकीय मानचित्रमा अत्यन्तै आकर्षक, मनोरम, सुरक्षित र अनुपम गन्तव्यका रूपमा विकास गर्ने ।"

पर्यटकीयसम्पदाहरूको उचित र दीर्घकालीन उपयोगद्वारा पर्यटकीय गतिविधिहरू सञ्चालन गर्दै बागलुङको आर्थिक विकास गरी जनताको जीवनस्तर उकास्ने ।

## परिच्छेद-३

## समितिको काम, कर्तव्य र अधिकारः

**६.समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-**

(क) नगरपालिका भित्रका ऐतिहासिक महत्व, पुरातात्विक वस्तुकला वा संस्कृतिको संरक्षण वा पर्यटन प्रवर्द्धनका उपयुक्त स्थानलाई सास्कृतिक वा पर्यटकीयक्षेत्र घोषणाका लागि कार्यपालिकामा पेश गर्ने र सो सम्वन्धमा

कार्यपालिकाले आवश्यक अध्ययन गरी सम्बन्धित निकायमा सिफारिश गर्ने ।

(ख) पर्यटन व्यवसायको स्थापना, सुधार, विकास, विस्तार, प्रर्वद्धन तथा संरक्षण गर्ने सम्बन्धमा पर्यटन पूर्वाधार विकास, पर्यटन सेवा, सुविधा विस्तार, जनशक्ति विकास र पर्यटन स्थलहरूको पर्यावरण संरक्षण गर्न आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।

(ग) पर्यटकहरूका लागि सुविधा वृद्धि गर्ने कार्यक्रमको तर्जुमा गर्ने कार्यमा संलग्न भई नगर क्षेत्रलाई एक आर्कषक पर्यटकीय स्थलका रूपमा विकसित गर्ने ।

(ग) पर्यटकहरूलाई सेवा प्रदान गर्ने व्यक्ति, संस्था वा निकायहरूका क्रियाकलापहरूमा समन्वय, सहकार्य कायम गर्ने गराउने ।

(घ) पर्यटन विकासका विविध क्षेत्रमा कार्य गर्न अन्य निकायहरुसंग साझेदारी तथा सहकार्यमा कार्य गर्न सक्नेछ ।

(ङ) पर्यटन व्यवसायको विकास र विस्तारका लागि आवश्यक पर्ने प्राविधिक एवं वित्तीय आधारहरू तयार पारी सोही अनुसार पर्यटन विकाससंग सम्बन्धित कार्यक्रमहरू कार्यान्वयन गर्ने, गराउने ।

(च) पर्यटन व्यवसायको विकास, विस्तार र प्रर्वद्धन गर्नका लागि पर्यटन सम्बन्धी क्रियाकलापहरूमा निजी क्षेत्रको अधिकतम सहभागितालाई प्रोत्साहित गर्ने, गराउने ।

(छ) पर्यटनसंग सम्बन्धित विद्यमान भौतिक पूर्वाधारहरूको व्यवस्थित र प्रभावकारी ढंगले उपयोग गरी पर्यटकहरूलाई नगर क्षेत्रका धार्मिक, सांस्कृतिक, प्राकृतिक लगायत महत्वका स्थलहरू, उच्च पहाडी श्रृङ्खलाहरू तथा मनोरम प्राकृतिक सौन्दर्यका दृश्यावलोकन गराउन निजी क्षेत्रलाई उत्प्रेरित गर्ने ।

(ज) बागलुङ नगर क्षेत्रलाई धार्मिक पर्यटन, साहसिक तथा आकर्षक पर्यटन केन्द्रका रूपमा विकसित गर्दै लैजाने र जल, स्थल र वायु तथा धार्मिक क्षेत्रमा आधारित मनोरञ्जनात्मक तथा साहसिक खेल पर्यटन सम्बन्धी क्रियाकलापहरूलाई मौलिक संस्कृति र परम्परामा प्रतिकूल असर नपर्ने गरी नगरका विभिन्न भागहरूमा सञ्चालन गर्ने, गराउने र त्यस्ता साहसिक पर्यटन सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने ।

(झ) सम्बन्धित विषयमा सभा-सम्मेलन, व्यापार मेला, सांस्कतिक तथा युवा महोत्सव, खेलकुद प्रतियोगिता लगायत अन्य रचनात्मक तथा प्रवर्द्धनात्मक पर्यटकीय उत्पादनसंग सम्बन्धित क्रियाकलाप सञ्चालनमा वृद्धि गर्न, त्यस्ता क्रियाकलापहरु सफल रुपमा सञ्चालन गर्ने र निजी क्षेत्रलाई समेत त्यस्ता क्रियाकलापहरू सञ्चालन गर्न प्रोत्साहित गर्ने ।

(ञ) ऐतिहासिक महत्व भएका स्थलहरू तथा मठ-मन्दिर, गुठी, गुम्बा, पाटी पौवा, चौतारी, पोखरी, पुराना घरहरु, मेला पर्व,

कला संस्कृतिहरूको संरक्षण सम्बन्धी विविध क्रियाकलापहरूमा स्थानीय जनसमुदाय, युवा, महिला, शिक्षण संस्था र संघ सस्थाहरुको सहभागितालाई अधिकतम प्रोत्साहित गर्ने ।

(ट) पर्यटन पूर्वाधार तथा सुविधाहरूको सदृढीकरण गर्दै नयाँ पर्यटन स्थलहरूको विकासका लागि ग्रामीण पर्यटन स्थलहरूका विकासलाई प्राथमिकता दिने र ग्रामिण पर्यटन विकासका विविध कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय ग्रामीण समुदाय, जनजाति, दलित आदी समुदायलाई घरबास कार्यक्रम (होम स्टे), पाहुना घर आदिका लागि उत्प्रेरित गर्ने ।

(ठ) नयाँ पर्यटन स्थलहरूको पूर्वाधार निर्माण र विकासमा लगानी परिचालन गर्दै ग्रामीण भेगका वडाहरुमा ग्रामीण पर्यटन उपकेन्द्र बनाउन आवश्यक कार्य गर्ने ।

(ड) धार्मिक तीर्थस्थलहरूको संरक्षण तथा सर्म्वद्धन गरी धार्मिक पर्यटन विकास गर्नका लागि धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरूमा पर्यटकहरू बढी आकर्षित हुने गरी सुविधाहरू विस्तार गर्नका साथै त्यस्ता स्थलहरूलाई अन्तर्राष्ट्रिय धार्मिक केन्द्रका रूपमा विकसित गर्ने, गराउने ।

(ढ) पर्यटन प्रवर्द्धनको लागि प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा सांकृतिक एवं पर्यटकीय नगर बीच पर्यटन तथा

सांस्कृतिक भगिनी सम्बन्ध स्थापित गर्न आवश्यक अध्ययन गरी कार्यपालिकामा प्रतिवेदन पेश गर्ने ।

(ण) उद्देश्य प्राप्तिका लागि नेपाल सरकारको स्वीकृति लिई पर्यटन क्षेत्रको विकासको लागि अन्तराष्ट्रिय संघ संस्थाहरूसंग समन्वय, सहकार्य, साझेदारी र लगानीमा काम गर्ने ।

(त) छिमेकका अन्य स्थानीय तहहरूसंग समन्वय गरी पारस्परिक लाभमा आन्तरिक पर्यटन सम्बन्धी गतिविधिहरूमा अभिवृद्धि गर्ने ।

(थ) पर्यटन जनचेतनाका लागि विभिन्न तहमा प्रचार, प्रसार कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(द) पर्यटन व्यवसायीहरूबाट पर्यटकहरूलाई प्रदान गरिने सेवा तथा सुविधाहरूलाई स्तरीय बनाई पर्यटकहरूका सुरक्षाका लागि समेत विशेष व्यवस्था गर्ने ।

(ध) पर्यटन सेवा र सुविधाहरूमा गुणस्तर वृद्धि गर्नका लागि पर्यटन व्यवसायीहरूलाई आवश्यक आचार संहिता बनाई लागु गर्ने ।

(न) पर्यटन व्यवसायमा संलग्न रहेका व्यक्ति वा संस्थाहरूलाई प्राविधिक ज्ञान प्रशिक्षण तथा प्राविधिक सहयोग प्रदान गर्ने सम्बन्धमा आवश्यक तालिम तथा प्रशिक्षण दिने कार्यमा सहयोग पुऱ्याउने ।

(प) पर्यटन व्यवसायको विकास गर्नको लागि नेपाल सरकार र प्रदेश सरकार संग समन्वय गरी आवश्यक सुझाव तथा परार्मश लिने ।

(फ) पर्यटक तथा पर्यटन व्यवसायीहरूलाई पर्यटनसंग सम्बन्धित विषयहरूका सम्बन्धमा आवश्यक सेवा तथा परामर्श प्रदान गर्ने, गराउने ।

(ब) सास्कृतिक ग्राम निर्माण गर्ने र उत्कृष्ट ग्रामहरुलाई थप लगानी गर्ने ।

(भ) स्वदेशी पर्यटकहरूलाई आवश्यक सेवा तथा सुविधा उपलब्ध गराउनको लागि सहयोग गरी आन्तरिक पर्यटन विकासमा सहयोग पुऱ्याउने ।

(म) पर्यटक खेलकुदको लागि आवश्यक व्यवस्था मिलाउने ।

(य) नगर क्षेत्रमा रहेका राजनैतिक दलहरु, शैक्षिक सस्था, व्यावसायिक फर्म, सामुदायिक वन, गुठी, भजन समूह, सहकारी, सरकारी, गैर सरकारी सस्था तथा सरोकारवाला निकायहरुसंग समन्वय गरी पर्यटन प्रवर्द्धन र विकासको कार्यक्रमहरु गर्ने ।

(र) पर्यटकहरुको लागि साइकल मार्ग लगायतका विभिन्न मार्ग र रोपलाइनहरु निर्माण गर्ने ।

(ल) पर्यटकको तथ्याङ्क संङकलन, सूचना विट, सुरक्षा व्यवस्था, स्वास्थ्य सुविधा मिलाउन समन्वय गर्ने ।

(व) पर्यटन व्यवसायसंग सम्बन्धित निकायहरूले अपनाउनु पर्ने गुणस्तरलाई नियमित गरी त्यस्ता गुणात्मक सेवा प्रदान

नगर्ने निकायहरूलाई प्रचलित कानुनमा तोकिएको मापदण्ड एवं अनुमति विना कार्य गरेको पाइएमा आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(श) समितिले आवश्यकता भएमा उप-समिति स्थानीयस्तरमा वडा पर्यटन प्रवर्द्धन समिति तथा युवा तथा विद्यार्थी पर्यटन क्लबहरु गठन गर्न सक्नेछ ।

**६.१ नगर पर्यटन विकास समितिको कार्यकारी समितिका पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार**

**अध्यक्षको काम काम कर्तव्य र अधिकार**

क) आवश्यकता अनुसार कार्यकारी समितिको बैठक आव्हान गर्ने र बैठकको अध्यक्षता गर्ने ।

ख) पर्यटनसंग सम्बन्धित विविध बिषयका नीति तथा कार्यक्रम, योजना तयार गर्ने , वार्षिक बजेट तर्जुमा गरी कार्यकारी समितिबाट अनुमोदन गराई काम गर्ने ।

ग) कार्यकारी समितिसंगको परामर्शमा बागलुङ नगरपालिका क्षेत्रमा पर्यटन विकाससंग सम्बन्धित विविध कार्यहरु गर्ने

घ) नगर सभा, कार्यपालिका तथा कार्यकारी समितिबाट भएका निर्णय कार्यान्वयन गर्ने, गराउने ।

ङ) कार्यकारी समितिबाट प्रत्यायोजन भएका तथा अन्य भैपरी आउने कार्यहरु गर्ने ।

**६.२.वडा पर्यटन प्रवर्द्धन समिति गठन गर्न सक्ने :**

(१) समितिको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्यक्रमहरू सुव्यवस्थित रूपले सञ्चालन गर्न, गराउन र समितिका

सम्पूर्ण काम कारवाहीहरूको रेखदेख तथा प्रबन्ध गर्नका लागि वडा पर्यटन प्रवर्द्धन समितिको गठन गर्न सकिनेछ ।

**६.३ वडा पर्यटन प्रवर्द्धन समितिको काम, कर्तव्य र अधिकारः**

(क) आन्तरिक पर्यटनको विकास र विस्तारमा जोड दिने,

(ख) घर बास (होम स्टे भिलेज टुरिजम) कार्यक्रमलाई प्रोत्साहन गर्ने,

(ग) एक गाउँ एक उत्पादनको पहिचान र पवर्द्धन गर्ने,

(घ) स्थानीय सस्कृतिको जर्गेना र विकास गर्ने,

(ङ) पर्यटकीय पूर्वाधारको विकास र विस्तार गर्ने,

(च) नगर पर्यटन प्रवर्द्धन समितिले तोकेका अन्य कार्य गर्ने ।

**६.४ लेख रचना पारिश्रमिकः** पर्यटन सम्बन्धी समाविष्ट गरीएको लेख रचना तथा प्रचार सामग्री वापतको पारिश्रमिक भुक्तानी गर्दा समितिले देहायनुसारको मापदण्डका आधारमा रकम भुक्तानी गर्नुपर्नेछ ।

बागलुङ नगर क्षेत्रका पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार तथा प्रवर्द्धन सम्बन्धी लेख, रचना तथा समाचार सम्प्रेषण गर्दा लेखक तथा पत्रकारहरुलाई तपसिल बमोजिम सम्मान र प्रोत्साहन गरिने छ ।

अनुसन्धानमूलक, विचारमूलक, विश्लेषणात्मक र मौलिक लेख रचना, कविता तथा समाचार ‘क’ श्रेणी को मिडियामा

प्रकाशन भएमा रु. १२००।- ख श्रेणीमा प्रकाशन भएमा रु.१०००।- मासिक रुपमा १/१जनालाई प्रदान गरिने छ।
विवरणात्मक र मौलिक लेख रचना ५०० थान प्रकाशन हुने नगर क्षेत्रको बुलेटिन तथा स्मारिकामा प्रकाशन भएमा लेखकलाई रु. १०००।- प्रदान गरिने छ।
राष्ट्रिय मिडियामा बागलुङ नगर क्षेत्रका पर्यटकीय क्षेत्रको फोटो प्रकाशन भएमा महिनाको उत्कृष्ट फोटो छनौट गरी रु १००० उपलब्ध गराइने छ । यसै गरी राष्ट्रिय टेलिभिजनमा भिडियो सहितको समाचार प्रसारण भएमा अर्ध-मासिक रुपमा रु १००० उपलब्ध गराइने छ।
बागलुङ नगर क्षेत्रका पर्यटकीय क्षेत्रको प्रचार तथा प्रवर्द्धन गर्ने उद्धेश्यले तयार गरिएको गीत वा डकुमेन्ट्री कम्तीमा ४ मिनेटको गीती एल्बम प्रसारण भएमा प्रति एल्बम रु ५००० प्रदान गरिने छ।
उल्लेखित समाचार तथा कार्यमा रकम वितरणका लागि समितिले १ छनौट उप-समिति गठन गर्नेछ।

**६.५ सहजकर्ता तथा पर्यटन स्वंयम सेवकको व्यवस्थाः** यस कार्यविधि बमोजिमको कार्य वा स्वीकृत कार्यक्रम व्यवस्थित रुपमा अगाडि बढाउनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन कार्यालयले गर्नेछ।

**६.६.अध्ययन अनुसन्धान कार्यक्रम तथा भुक्तानी सम्बन्धमा :** बागलुङको पर्यटन विकास सम्बन्धी सबै प्रकारका अध्ययन, अनुसन्धान, भ्रमण पारिश्रमिक लगायतका कार्यको खर्च

समितिको निर्णय तथा प्रचलित कानुन बमोजिम प्रमुख प्रशासकीय अधिकृत वा अख्तियार प्राप्त अधिकारीको स्वीकृति लिई खर्च गर्न सकिनेछ ।

६.७ **प्रचार सामाग्री तथा मेला महोत्सव** : बागलुङका पर्यटकीय क्षेत्रहरुको व्यापक प्रचार प्रसार तथा प्रवर्द्धन र सूचना जानकारीका लागि समितिले वेबसाइट सहित सामाजिक सञ्जाल, अनलाइन, डकुमेन्ट्री, पुस्तक, ब्रुसर, भ्रमण, स्थलगत रिपोर्टिङ, विभिन्न खाले प्रतियोगिता, तालिम, गोष्ठीसहित मेला महोत्सव लगायतका विविध कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

६.८ **वेबसाइट तथा सञ्जालः** पर्यटकीय क्षेत्रहरुको व्यापक प्रचार तथा प्रवर्द्धन र सूचना जानकारीका लागि समितिले वेवसाइट, सामाजिक सञ्जाल, पुस्तक लगायत विविध प्रकारका प्रचार सामाग्री प्रयोग गर्नेछ ।

## परिच्छेद-४

## विविधः

७. **प्रतिवेदन बुझाउनु पर्ने :** समितिको अध्यक्षले समितिका काम कारवाहीका अर्ध-वार्षिक प्रतिवेदन नगर कार्यपालिका समक्ष प्रस्तुत गर्नुपर्नेछ ।

नगर उप-प्रमुख पर्यटन विकास कार्यक्रमको आम्दानी, खर्च र प्रगति विवरणहरु सार्वजनिक गरिने छ ।

८. **अनुगमन समिति** : नगर उप-प्रमुख पर्यटन विकास कार्यक्रमको कार्यान्वयन तथा भएका योजनाहरुको सुपरिवेक्षण तथा अनुगमनका लागि नगर प्रमुखको संयोजकत्वमा समिति गठन हुने छ । सो समितिमा पर्यटन क्षेत्रमा क्रियाशील व्यक्तित्वहरु र कार्यपालिका सदस्यहरु मध्येबाट २ जना सदस्य कार्यपालिकाले चयन गर्नेछ ।

९. **अधिकार प्रत्यायोजन :** समितिले आफूलाई प्राप्त अधिकारहरू मध्ये कुनै वा सबै अधिकार आवश्यकतानुसार कुनै पदाधिकारी, सदस्य वा उप-समितिलाई प्रत्यायोजन गर्न सक्ने छ , यसरी अधिकार प्रत्यायोजन गर्दा लिखितरुपमा दिनुपर्नेछ ।

१०. **प्रचलित कानून बमोजिम हुने** : यस कार्यविधिमा लेखिएका कुरामा यसै कार्यविधि बमोजिम र अन्य कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

११. **नियम बनाउन सक्नेः** यो कार्यविधिको उद्देश्य कार्यान्वयनको लागि आवश्यक विनियम तथा अन्य उप-समितिहरु बनाइ लागू गर्न सक्नेछ। समितिले आफ्नो बैठक सञ्चालन कार्यविधि आफै निर्धारण गर्नेछ ।

१२. **यसै कार्यविधि बमोजिम हुनेः** यस अघि भए गरेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

१३. **समितिको छापः** नगर उप-प्रमुख पर्यटन विकास कार्यक्रम अन्तर्गत बागलुङ नगर पर्यटन विकास समितिको नाममा एउटा छुट्टै छाप रहनेछ ।

**१४.कार्यक्रमको सचिवालय** : नगर उप-प्रमुख पर्यटन विकास कार्यक्रमको सचिवालय व्यवस्थित रुपमा स्थापना गरिने छ ।

**१५ .कार्यविधिमा संशोधन र हेरफेर** : समितिको सिफारिसमा नगर कार्यपालिकाले आवश्यक ठानेमा यस कार्यविधिमा आवश्यक संशोधन र हेरफेर गर्न सकिनेछ ।

**१६. निर्देशन दिन सक्नेः** नगरसभा तथा नगरकार्यपालिकाले समितिको काम कारवाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

प्रमाणिकरण
बसन्त कुमार श्रेष्ठ
नगर प्रमुख

प्रमाणिकरण मिति : २०८०।०१।२७ गते बुधवार

आज्ञाले
हरिदत्त कंडेल
प्रमुख प्रशासकीय अधिकृत